**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी**

**लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं**

**फैसला**

२०७८/०७९ सालको निर्णय नं. ३१०

पुनरावेदन नं:- ०७६-RB-०११५

पुनरावेदन दर्ता मिति:- २०७६।०९।०७

मुद्दाः– आयकर (२०६८/०६९) ।

का.जि.का.म.न.पा.वडा नं.३२, सुविधानगर, तिनकुने स्थित कान्तिपुर टेलिभिजन नेटवर्क प्रा.लि.(स्थायी लेखा नं. ३००४३०२४८) को तर्फबाट अधिकार प्राप्त कम्पनी सचिव यज्ञ चन्द्र अधिकारी..........................................................१ } पुनरावेदक

**विरुद्ध**

साविक आन्तरिक राजस्व कार्यालय, काठमाडौ क्षेत्र नं. १, हाल मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल............................................................... १ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरू निर्णय गर्ने कार्यालयः- साविक आन्तरिक राजस्व कार्यालय, काठमाडौ क्षेत्र नं. १, हाल मध्यमस्तरीय करदाता कार्यालय, बबरमहल

शुरू निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री झलक राम अधिकारी

शुरू कार्यालयको निर्णय मितिः–२०७३।०६।३०

**प्रशासकिय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विष्णुप्रसाद नेपाल

निर्णय मितिः- २०७६।०५।०५

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान् अधिवक्ताद्वय श्री नारायण नेपाल र

श्री मञ्जु बुढाथोकी

प्रत्यर्थी कार्यालयका तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता श्री दिपक भण्डारी

**अविलम्वित नजीरः** ×

आन्तरिक राजस्व विभागको मिति २०७६।०५।०५ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम यस न्यायाधिकरणमा पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. पुनरावेदक करदाता कान्तिपुर टेलिभिजन नेटवर्क प्रा.लि.ले आ.व.२०६८/०६९ को आय विवरण आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य नोक्सानी रू.१२,५८,६१,७४८।२७ देखाई साविक आन्तरिक राजस्व कार्यालय, काठमाडौ क्षेत्र नं. १, हाल मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलमा मिति २०६९।०९।२९ मा विवरण पेस गरेको ।

२. त्यस फर्मले आयकर ऐन, २०५८ दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार कर कार्यालयमा मिति २०६९।०९।२९ मा पेस गरेको आ.व.२०६८/०६९ आय विवरण अनुसन्धान, अध्ययन, छानविन तथा परीक्षण गर्ने सिलसिलामा उपलब्ध भएसम्मका कागजात, फाँटवारी तथा प्रमाणहरू अध्ययन, छानविन तथा परीक्षण गर्दा आयकर ऐन २०५८ अनुसार आयमा समावेश गर्नुपर्ने रकम समावेश नगरेको तथा खर्चकट्टी गर्न नमिल्ने रकम कट्टी गरेको पाईएकोले सोही ऐनको दफा १०१ बमोजिम देहाय अनुसार रू. ५,९७,३३,४९४।६९ (अक्षेरूपी पाँच करोड सन्तानब्बे लाख पैतीस हजार चार सय चौरानब्बे रूपैया र उनानसत्तरी पैसा मात्र) नोक्सानी कायम गरी संशोधित कर निर्धारण गर्नु पर्ने देखिएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस प्रमाण भए यो पत्र

प्राप्त भएको मितिले १५ दिन भित्र पेस गर्नु भन्ने आन्तरिक राजश्व कार्यालय, काठमाडौं क्षेत्र नं १ बाट मिति २०७३।०६।१२ मा जारी सूचना ।

३. साविक आन्तरिक राजस्व कार्यालय, काठमाडौ क्षेत्र नं. १ बाट मिति २०७३।०६।१२ मा जारी भएको सूचना करदाताले मिति २०७३।०६।१४ मा बुझी लिएकोमा म्याद नघाई मिति २०७३।०७।०१ मा **Advance and Deposit** अन्तर्गत निर्मल अग्रवाललाई दिएको पेश्की व्यवसायसंग सम्बन्धित भएकोले सो सम्बन्धमा औषत व्याज दर १३. ४४ प्रतिशतका दरले कायम गरेको हुने व्याज रू ६,२१,१६२।१८ मिन्हा हुनुपर्छ । त्यसैगरी प्रशासकिय खर्च अन्तर्गत दावी गरेको **Travelling & conveyance/Transmission & Tower Expenses** अन्तर्गत भएका सम्पूर्ण खर्चहरू विल भरपाई भएकोले सो खर्च कट्टी हुनुपर्छ। साथै आ.व. २०६७/०६८ को आय विवरण पेश गर्दा आ.व.२०६६/०६७ सम्मको नोक्सानी रू. २२,१७,६२,३८९।१२ जिम्मेवारी सार्नुपर्नेमा भुलवस रू. १४,८४,६१,३०५।६८ मात्र सारिएको र मिति २०६८।०९।२२ को संसोधित कर निर्धारण आदेश बमोजिम पनि उक्त आ.व.२०६६/०६७ को लागि रू.२१,३२,११,३३०।६२ नोक्सानी कायम गरेको हुनाले आ.व. २०६८/०६९ को व्यवसायबाट भएको आयको गणना गर्दा त्यस कार्यालयबाट आ.व. २०६६/०६७ को लागि कायम गरिएको नोक्सानी रू २१,३२,११,३३०।६२ मा आ.व. २०६७/०६८ मा भएको आय रू ५,०२,३२,२८५।३७ कट्टी गरी आ.व. २०६८/०६९ को लागि रू १६,२९,७९,०४५।२५ कट्टी गरिएकोले सो नोक्सानी कट्टी हुनुपर्छ भन्नेसमेत वेहोराको जवाफ पेस गरेको ।

४. करदातालाई संशोधित कर निर्धारण गर्ने सम्बन्धमा सफाई पेस गर्न जारी गरिएको पत्रको सन्दर्भमा करदाताले लिखित जवाफ तथा प्रमाणहरु नै पेश नगरेको समेतलाई मध्यनजर राखी आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्चहरु खर्च कट्टा नगरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम करदाताको आ.व. २०६८/०६९ को लागि जम्मा रू. ५,९७,३३,४९४।६९ (अक्षेरूपी पाँच करोड सन्तानब्बे लाख पैतीस हजार चार सय चौरानब्बे रूपैया र उनानसत्तरी पैसा मात्र) नोक्सानी कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम संशोधित कर निर्धारण गरी दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी साविक आन्तरिक राजस्व कार्यालय, काठमाडौ क्षेत्र नं. १ बाट मिति २०७३।०६।३० मा खडा भएको निर्णय पर्चा ।

५. आ.व.२०६८/०६९ को लागि मिति २०६७।०९।२९ मा पेस गरेको आय विवरणसाथ संलग्न वासलात तथा नोक्सान हिसाव परीक्षणको सिलसिलामा उपलब्ध भएसम्मका कागजात. फाँटवारी, प्रमाण, जिकीर समेतलाई अध्ययन, छानविन तथा परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम समावेश गर्नुपर्ने आय समावेश नभएको/कट्टी गर्न नपाईने खर्च दावी भएको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्न यस कार्यालयको मिति २०७३।०६।१२ मा जारी गरिएको सूचनामा उल्लेख भएका विषयहरूमा प्रचलित कानून बमोजिम तोकिएको म्याद भित्र कुनै लिखित जवाफ तथा प्रमाण पेस नगरेकोले आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम मिति २०७३।०६।३० को निर्णयानुसार संशोधित कर निर्धारण गरी उक्त आ.व. को लागि उक्त

५,९७,३३,४९४।६९ (अक्षेरूपी पाच करोड सन्तानब्बे लाख तेत्तीस हजार चारसय चौरानब्बे रूपैया उनानसत्तरी मात्र) नोक्सानी कायम गरिएको हुँदा आयकर ऐन,२०५८ को दफा १०२ बमोजिम मिति २०७३।०६।३० मा जारी गरिएको सूचना ।

६. साविक आन्तरिक राजस्व कार्यालय, काठमाडौ क्षेत्र नं. १ बाट मिति २०७३।०६।३० मा जारी भएको सूचना करदाताले मिति २०७३।०७।०७ मा बुझी लिएको।

७. साविक आन्तरिक राजस्व कार्यालय, काठमाडौ क्षेत्र नं. १ ले मिति २०७३।०६।३० मा जारी गरेको आ.व. २०६८/०६९ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी कान्तिपुर टेलिभिजन नेटवर्क प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३।०७।३० मा आन्तरिक राजस्व विभागमा पेस गरेको निवेदन ।

८. निवेदकले गत आर्थिक बर्षबाट बढी जिम्मेवारी सारेको नोक्सानी रकमलाई काठमाडौं क्षेत्र नं. १, मध्यस्तरीय करदाता कार्यालयबाट आयकर ऐन (संशोधन सहित),२०५८ को दफा २० (१) (ख) बमोजिम खर्च कट्टी दिन नमिल्ने भनी गरेको संशोधित कर निर्धारण कानून सम्मत नै देखिन्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०५।०५ मा भएको निर्णय ।

९. कम्पनीको व्यवसायीक कारोवारको सिलसिलामा कम्पनीको आवश्यक सामानहरू खरिद गर्नको लागि पेश्की व्यवसायसंग सम्बन्धित भएकोले बापत दिएको रकम मध्येको केही रकम फिर्ता भै सो रकम उपयोग समेत गरेको अवस्थामा तथ्य विपरित ऋणको रितपूर्बक बैकलाई तिरेको व्याज खर्च अमान्य गर्न मिल्दैन।

प्रशासकिय खर्च अन्तर्गत खर्च दावी गरेको **Travelling & Conveyance** र **Transmission & Tower Expenses** अन्तर्गत भएका सम्पूर्ण खर्चहरूको बिल भरपाईमा विवाद छैन। कम्पनीको कारोवारको सिलसिलामा वर्ष भरी भ्रमण तथा सवारीको लागि भएको वास्तविक खर्चलाई अमान्य गर्न मिल्दैन्।अर्कोतिर कम्पनीमा विद्युत जनेरेटर लिफ्ट लगायतका संरचनामा विभिन्न प्रकृतिको सामानहरू जडान गर्नुपर्ने जस्ता खर्चहरू भएको र सो विल भरपाई समर्थित खर्च दावी गरेको अवस्थामा उक्त वास्तविक खर्चलाई अमान्य गर्न मिल्दैन्।

आ.व २०६६/०६७ मा कम्पनीले पेस गरेको आय विवरण बमोजिम कम्पनीको नोक्सानी रू. २२,१७,६२,३८९।१२ रहेकोमा कम्पनीको नोक्सानी विपरित आन्तरिक राजस्व कार्यालय,क्षेत्र नं १ ले मिति २०६८।०९।२२ मा रू.२१,३२,११,३३०।६२ नोक्सानी कायम गरी संशोधित कर निर्धारण आदेश भएकोमा सो कर निर्धारण आदेश उपर चित्त बुझाई वसेको र आ. ब. २०६७/०६८ मा रू.२१,३२,११,३३०।६२ नोक्सानी उल्लेख हुनु पर्नेमा भूलबश नोक्सानी रू ९,८२,२९,०२०।३१ उल्लेख हुन गएको हो। एउटा आर्थिक वर्षको विवरण पेस गरे पश्चात सो विवरणमा कुनै त्रुटी देखिएमा आन्तरिक राजस्व कार्यालयले सोही आर्थिक वर्ष भित्र सुधार नगरि कैफियत नदेखाई बर्षौ पछि त्रुटी देखाउने सुधार गर्ने प्रचलन रहेको छ।आयकर ऐन, २०५८ को

दफा १०१ (१) हेर्दा कर अधिकृतलाई करको दायित्व न्यायोचित आधारमा समायोजन गर्ने कर्तव्य तोकिएको छ। ऐनले न्यायोचित आधारमा समायोजन गर्ने भन्नुको तात्पर्य वास्तविक नोक्सानी दावी गर्न पाउनेमा कुनै कारण दावी गर्न छुटेको वा भुलवश अन्यथा भएकोमा कर अभिकृतले करदातालाई निजको अधिकारको बोध गराउन ध्यानाकर्षण गर्नुपर्ने र छुट भएको रहेछ भने कानून संगत गर्न लगाई दायित्वलाई समायोजन गर्न लगाउने भन्ने पनि हो। आफैले कायम गरेको नोक्सानीलाई स्विकार गरि सकेको अवस्थामा समायोजन गर्न ईन्कार गर्ने कार्यलाई न्यायोचित भन्ने मिल्दैन। अतः आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. १ बाट मिति २०७३।६।३० मा जारी संशोधित कर निर्धारण आदेश एवं सो सँग सम्बन्धित निर्णय प्रतिवेदन तथा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७६।५।५ को निर्णय समेत कानून विपरित भएको हुँदा बदर गरी पाउँ । साथै दावी गरेको वास्तविक नोक्सानीलाई मान्यता प्रदान गरी न्याय इन्साफ पाउँ भन्ने समेत बेहोराको जिकिर लिई करदाताको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७६।०९।०७ दर्ता भएको पुनरावेदन पत्र ।

१०. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७६।११।२३ मा भएको आदेश ।

## ठहर खण्ड

११. नियम बमोजिम पेसी सूचिमा चढी निणयार्थ इजलास समक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता कान्तिपुर टेलिभिजन नेटवर्क प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताद्वय श्री नारायण नेपाल र श्री मञ्जु बुढाथोकीले साविक आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. १, हाल मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान् उप-न्यायाधिवक्ता श्री दिपक भण्डारीले शुरू कार्यालयबाट भएको संशोधित कर निर्धारणको आदेश कानूनसम्मत नै रहेको र सो निर्णयलाई सदर गरी अन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय कानून सम्मत नै रहेको देखिदा सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१२. उपर्युक्त बमोजिमको पुनरावेदन जिकीर तथा दुवै पक्षको बहस जिकीरलाई समेत दृष्टिगत गरी शुरू मिसिल र पुनरावेदन मिसिल समेत अध्ययन गरी हेर्दा, साविक आन्तरिक राजस्व कार्यालय क्षेत्र नं. १ बबरमहलबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने भई मुल विवाद निरोपणका लागि देहायमा प्रश्नमा समेत विवेचना गर्नुपर्ने देखिन आयो।

(क)आयकर ऐन,,२०५८ दफा १४ बमोजिम ऋणको रितपूर्बक बैकलाई तिरेको व्याज खर्च कट्टि अमान्य गरेको निर्णय कानून सम्मत छ वा छैन ?

(ख) आयकर ऐन,२०५८ (संशोधन सहित)को दफा १३ बमोजिम खर्च कट्टी दावी गरेका प्रशासनिक खर्च कट्टि अमान्य गरेको निर्णय मिलेको छ वा छैन ?

(ग) आ.ब. २०६८/०६९ मा दावी गरेको नोक्सानी रू.१६,२९,७९,०४५।२५ अमान्य गर्ने निर्णय न्यायोचित छ वा छैन ?

१३. सर्वप्रथम, आयकर ऐन, २०५८ दफा १४ बमोजिम ऋणको रितपूर्बक बैकलाई तिरेको व्याज खर्च कट्टि अमान्य गरेको निर्णय कानून सम्मत छ वा छैन ? भन्ने प्रश्न तर्फ विचार गर्दा पुनरावेदक करदाताले Advance and Deposit अन्तर्गत निर्मल अग्रवाललाई दिइएको पेश्की व्यवसायसंग सम्बन्धित भएकोले सो सम्बन्धमा औषत ब्याज दर १३.४४ प्रतिशतले हुने व्याज मिन्हा पाउँ भनी दावी लिएको देखिन्छ। आयकर ऐन, २०५८ को दफा १४ को उपदफा (१) मा "**कुनै व्यक्तिले कुनै आय वर्षमा ब्यवसाय वा लगानीबाट भएको आयको गणना गर्ने प्रयोजनको लागि सो व्यक्तिको व्यवसाय वा लगानीबाट आय आर्जन हुने कार्यका लागि सिर्जना भएको देहायको ऋण दायित्व अन्तर्गत सो वर्षमा लागेका सबै व्याज कट्टी गर्न पाउनेछ (क) कुनै रकम ऋण लिए बापत सो ऋण दायित्व सिर्जना भएकोमा सो रकम सोही वर्ष प्रयोग गरिएको वा सो वर्षमा प्रयोग गरिएका कुनै सम्पत्ति खरिद गर्न प्रयोग गरिएको वा (ख) अन्य कुनै अवस्थामा सो ऋण दायित्व सिर्जना हुन गएको**" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा १४ मा रहेको उक्त कानूनी व्यवस्था बमोजिम आय गणना गर्ने कुनै कार्यको लागि लिएको ऋण वापत तिरेको व्याज मात्र खर्च कट्टि पाउने देखिन्छ । यी पुनरावेदक करदाताले बैंक वा अन्य स्रोतबाट लिएको रु. ४६,२१,७४२।४० ऋण रकम व्यवसायमा प्रयोग नगरी उक्त रकम विना कारण निर्मल अग्रवाललाई पेश्की भुक्तानी दिएको देखिन्छ । कर परीक्षणको बखत यी करदाताले निर्मल अग्रवालको यो व्यवसायसँग के कस्तो सम्बन्ध छ? उक्त रकम व्यवसायको के कुन कार्यमा प्रयोग भयो र त्यसवाट करदातालाई के लाभ प्राप्त भयो भन्ने सम्बन्धमा कुनै आधार प्रमाण पेश गर्न सकेको देखिंदैन । त्यसैले पुनरावेदक करदाताले बैंकबाट ऋण लिइ व्यवसायमा लगानी नगरी अन्य व्यक्तिलाई सापटी दिएको हुँदा उक्त रकम वापत तिर्नुपर्ने व्याज रु. ६,२१,१६२।१८ आयकर ऐन, २०५८ को दफा १४ बमोजिम खर्च कट्टि गर्न दिन नमिल्ने भनी शुरू कर कार्यालयबाट भएको निर्णय र त्यसलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानून सम्मत नै देखिन आयो ।

१४. अब पुनरावेदक करदाताले प्रशासनिक खर्च अन्तर्गत दावी गरेको रू. ७,५७,०६६।४६ अमान्य गरेको निर्णय मिलेको छ, वा छैन भन्ने प्रश्न तर्फ विचार गर्दा, करदाताले प्रशासनिक खर्च अन्तर्गत **Travelling & Conveyance** मा रू. ५,५८,६३४।७१ र **Transmission & Tower Expenses** अन्तर्गत रू. १९,८४,३११।७५ अमान्य गरेको निर्णय मिलेको छैन भनी पुनरावेदनमा जिकीर लिएको देखिन्छ।आयकर ऐन,२०५८ को दफा १३ मा-" **कुनै व्यक्तिले कुनै आय वर्षमा कुनै व्यवसाय वा लगानीबाट भएको आयमा गणना गर्ने प्रयोजनको लागि यस ऐनको अधीनमा रही कारोवारसंग सम्बन्धित (क) सो आय वर्षमा भएका (ख) सो ब्यक्तिबाट भएका र (ग) व्यवसाय वा लगानीबाट**

**आय आर्जन हुने कार्यमा भएका खर्चहरू कट्टी गर्न पाउनेछ"** भन्ने व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्था बमोजिम खर्च कट्टीको दावी गर्ने करदाताले सोको प्रमाण कागजात पेश गरी पुष्टि गर्नुपर्ने हुन्छ । यी करदाताले उक्त शिर्षकको खर्च पुष्टि गर्ने प्रमाण कागजात कर परीक्षणको बखत पेस गर्न सकेको देखिदैन । आयकर ऐन, २०५८ को दफा ८१(१) मा कर बुझाउनुपर्ने दायित्व भएको प्रत्येक व्यक्तिले विभागबाट तोकिएको प्रकार, ढाँचा, लेखा परीक्षणको प्रमाणीकरण वा अन्य प्रकारले गर्नुपर्ने प्रमाणीकरण तथा प्रमाणित गर्ने कागजातहरूका अतिरिक्त देहाय बमोजिमका आवश्यक कागजातहरु नेपालमा खडा गरी राख्नुपर्ने व्यवस्था गरेको र सोको खण्ड (ग) मा खर्च कट्टिलाई पुष्टि गर्ने कागजात समेत उल्लेख भएको देखिन्छ । यसरी कर तिर्नुपर्ने दायित्व भएको व्यक्तिले खर्च दावी गर्दा सो खर्च कट्टि लाई पुष्ट्याई गर्ने कागजात खडा गरी नराखेको अवस्थामा उक्त खर्च कट्टि दिन कानून सम्मत हुदैन । त्यसैले उक्त प्रशासनिक खर्च शिर्षक अन्तर्गतको रु. ७,५७,०६६।४६ खर्च कट्टि दिन नमिल्ने भनी शुरू कर कार्यालयबाट भएको निर्णय र त्यसलाई सदर गर्ने गरेको आन्तरिक राजस्व विभागका महानिर्देशकको निर्णय समेत मिलेकै देखिंदा अन्यथा गर्नुपर्ने देखिएन् ।

१५. आ.ब. २०६८/०६९ मा दावी गरेको नोक्सानी रू. १६,२९,७९,०४५।२५ अमान्य गरेको निर्णय न्यायोचित छ वा छैन भन्ने तेस्रो प्रश्न तर्फ विचार गर्दा, कर कार्यालय आफैले कायम गरेको नोक्सानीलाई स्वीकार गरी सकेको अवस्थामा समायोजन गर्न ईन्कार गर्ने कार्यलाई न्यायोचित भन्न नमिल्ने हुँदा आन्तरिक राजस्व कार्यालय, काठमाडौं क्षेत्र नं. १ बाट मिति २०७३।६।३० मा जारी संशोधित कर निर्धारण आदेश तथा त्यसलाई सदर गर्ने आन्तरिक राजस्व विभागका महानिर्देशकको मिति २०७६।०५।०५ को निर्णय समेत कानून विपरित भएको हुँदा बदर गरी दावी गरेको वास्तविक नोक्सानीलाई मान्यता प्रदान गरी पाउँ भनी करदाताले पुनरावेदन जिकिर लिएको देखियो। आयकर ऐन, २०५८ को दफा १०१ को उपदफा (१) मा **"दफा ९९ वा १०० बमोजिम कर निर्धारण भएको व्यक्तिको करको दायित्व यस ऐनको उद्देश्य बमोजिम न्यायोचित आधारमा समायोजन गर्न विभागले संशोधित कर निर्धारण गर्न सक्नेछ"** भन्ने कानूनी व्यवस्था रहेको पाईन्छ।उक्त कानूनी व्यवस्था अनुसार कर अधिकृतले करको दायित्वलाई संशोधन गर्दा कर बढाउने वा प्राविधिक नोक्सानी कायम गर्ने मात्र नभै वास्तविक नोक्सानीलाई मान्यता प्रदान गरी समायोजन गर्नुपर्ने समेत देखिन्छ।पुनरावेदक करदाताले पेस गरेको आय विवरण बमोजिम आ.व. २०६६/०६७ मा करदाता कम्पनीको नोक्सानी रू. २१,३२,११,३३०।६२ कायम भएको तथ्यमा विवाद देखिदैन। उक्त कुरा मिति २०६८।९।२२ को संशोधित कर निर्धारण आदेशबाटै पुष्टि हुन्छ। त्यसमा आ.व. २०६७/०६८ मा भएको आय रु. ५,०२,३२,२८५।३७ कट्टि गर्दा आ.व. २०६७/०६८ को लागि रु. १६,२९,७९,०४५।२५ नोक्सानी कायम रहने आ.व. २०६७/०६८ मा आय विवरण पेस गर्दा भुलले रु. ९,८२,२९,०२०।३१ मात्र नोक्सानी हुन गएको तथ्यगत अवस्था मिसिल प्रमाणबाट देखिन आयो । नोक्सानीको विषय करदाताले मौखिक रुपमा दावी गरेर वा अवास्तविक अंक उल्लेख गरेर मात्र पुष्टि हुने विषय होइन । यो गत विगत आ.व. मा पेस

गरेको कर कार्यालयमा रहेको आय विवरणबाट नै यकिन गर्न सकिन्छ । करदाताले आ.व. २०६६/०६७ को संशोधित कर निर्धारण आदेशलाई नै आधार प्रमाणको रुपमा उल्लेख गरी वास्तविक नोक्सानी कायम गरिदिन गरेको अनुनय विनयलाई वेवास्ता गरी प्राविधिक रुपमा त्रुटि भएको कुरालाई अकाट्य प्रमाणको रुपमा ग्रहण गरी संशोधित कर निर्धारण गरेको निर्णयलाई आयकर ऐन, २०५८ को दफा १०१ को उपदफा (१) मा प्रयुक्त न्यायोचित आधारमा समायोजन गर्न संशोधित कर निर्धारण गरेको मान्न मिल्ने अवस्था देखिएन । त्यसैले नोक्सानीको हकमा शुरु निर्णय एवं आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय बदर गरी आ.व. २०६६/०६७ र २०६७/०६८ को आय विवरण र संशोधित कर निर्धारणलाई समेत हेरी पुनः कर निर्धारण गर्न फाइल शुरु मध्यमस्तरिय करदाता कार्यालय, बबरमहल पठाउन उपयुक्त हुने देखियो ।

१६. अतः माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट करदाता कान्तिपुर टेलिभिजन नेटवर्क प्रा.लि. (स्थायी लेखा नं.३००४३०२४८) को आ.ब. २०६६/०६७ मा कम्पनीको नोक्सानी रू.२२,१७,६२,३८९।१२ रहेको तथ्यलाई साविक आन्तरिक राजस्व कार्यालय काठमाडौ, क्षेत्र नं १ ले स्वीकार गरेकोमा करदाताले मौकामा नै प्रतिक्रीया दिँदा आ.ब. २०६७/०६८ मा आय विवरण पेस गर्दा भुलबश ९,८२,२९,०२०।३१ नोक्सानी उल्लेख भएको हुँदा उक्त नोक्सानी आ.ब. २०६८/०६९ मा दावी गरेकोमा निर्णयमा आधार र कारण नखोली उक्त नोक्सानी अमान्य गरेको शुरू निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकले मिति २०७६।०५।०५ मा गरेको निर्णय समेत मिलेको नदेखिँदा बदर गरि दिएको छ। अब करदाताको आ.ब. २०६६/०६७ र ०६७/०६८ को आय विवरण समेत हेरी आ.व. २०६८/०६९ को नोक्सानी दावीको सम्वन्धमा जे जो गर्नुपर्छ गरी कानून बमोजिम पुनः कर निर्धारण गरि दिनु भनी तारेखमा रहेका करदातालाई मध्यमस्तरिय करदाता कार्यालय बबरमहलको तारेख तोकी मिसिल समेत पठाई दिने ठहर्छ। ब्याज वापतको रकम र प्रशासनिक खर्चको सम्बन्धमा पुनरावेदक करदाताको पुनरावेदन जिकीर पुग्न सक्दैन्। अरुमा तपसिल बमोजिम गर्नू ।

## तपसील खण्ड

१. माथि ठहर खण्डमा लेखिए बमोजिम आन्तरिक राजस्व विभागबाट मिति २०७६।०५।०५ मा भएको निर्णय बदर भएकोले अब करदाताको आ.ब. २०६६/०६७ र ०६७/०६८ को आय विवरण समेत हेरी आ.व. २०६८/०६९ को नोक्सानी दावीको सम्वन्धमा कानून बमोजिम पुनः करनिर्धारण गरि दिनु भनी तारेखमा रहेका करदातालाई मध्यमस्तरिय करदाता कार्यालय बबरमहलको तारेख तोकी फैसला सहितको शुरु मिसिल समेत मध्यमस्तरिय करदाता कार्यालय बबरमहलमा पठाई दिनू।

२. प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू।

३. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।

४. प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गर्नू।

(टेकप्रसाद ढुङ्गाना)
अध्यक्ष

उक्त रायमा हामी सहमति छौं।

(पुष्पप्रसाद गुरागाई)
लेखा सदस्य

(गोविन्दप्रसाद अधिकारी)
राजस्व सदस्य

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः-सरिता रिजाल
कम्प्यूटर टाइपः- प्रदिप तिवारी
फैसला मितिः- २०७९।०३।१६।५
फैसला प्रमाणीकरण मितिः-
प्रमाणीकरण गर्ने लेखा सदस्य

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप